संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१७, ▶▶ अंक ९ भदौ २६ गते शनिबार,२०७८, Septmber–11 Saturday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## तु - होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क -९८४२९९४३३०

# अवको युग पार्टीबाट हैन एजेन्डाबाट चल्दछ:खतिवडा

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ २५*

नव गठित नेकपा एकिकृत समाजवादी पार्टीका प्रवक्ता जगनाथ खतिवडाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीमा अनेक गल्ती दोहोर्याएर विभाजन गराएको दोष लगाएका छन् ।

*सुुएिला की भनेर पटक(पटक सहदा पनि नसुुुएि पछि कम्युनिष्ट अस्तित्व रक्षाका लागि नेकपा एस बनाएको खतिवडाले बताए। अध्यक्ष ओलीले विचार, आदर्श ख्याल नगरेको र संगठन अराजक पारेको भन्दै सिद्धान्त, राजनीतिमा र संगठनात्मक क्रियाकलापमा समेत गम्भिर मतभेद भएपछि आफुहरुले विद्रोह गरेको उनले बताए*

सुुएिला की भनेर पटक( पटक सहदा पनि नसुुुएि पछि कम्युनिष्ट अस्तित्व रक्षाका लागि नेकपा एस बनाएको खतिवडाले बताए । अध्यक्ष ओलीले विचार, आदर्श ख्याल नगरेको र संगठन अराजक पारेको भन्दै सिद्धान्त, राजनीतिमा र संगठनात्मक क्रियाकलापमा समेत गम्भिर मतभेद भएपछि आफुहरुले विद्रोह गरेको उनले बताए । देशलाई समाजवादी दृष्टिकोणले राजनीति अघि बढाउने उनले बताए । अवको युग पार्टीको हैन, एजेन्डाको भएको बताए । राम्रो एजेन्डाका साथ आफ्नो पार्टी अगाडी बढेकाले जनतामाझ छिटै लोकप्रीय हुने दावी गरे ।

उनले यो विभाजन एकतामा परिणत हुन नसक्ने पनि बताएका छन् । ओली र उसको नेतृत्वको एमाले सिद्धान्तमै विचलित भइसकेको बताए ।

सुर्य चिन्ह कुनै सिद्धान्त, आदर्श नरहेको, मतदिने एउटा संकेत मात्र भएकोले त्यसलाई महत्वका साथ हेर्न जरुरी नरहेको बताएका खतिवडाले तर, जनतामाझ सुर्य चिन्हलाई लोकप्रिय बनाउन लाखौ जनताको योगदान र भुमिका रहेको बताए । अव कुनै एउटा चिन्ह रोजेर नेकपा एस अघि बढ्ने र सोही चिन्हमा केन्द्रित हुन आव्हान गरे

# अंशबण्डा विषयमा विवाद भई झगडामा दाईको मृत्यु

❖ मुलुकी सवाददाता

*ओखलढुंगा, भदौ २५*

ओखलढुंगा जिल्लामा अंशबण्डाको विषयमा विवाद हुँदा भाईले दाईको हत्या गरेको छ। खिजिदेम्बा गाउँपालिका(५ ढाडखर्कका ६८ वर्षीय मित्र बहादुर तामाङको धारिलो हतियार खुकुरी र दाऊ प्रहार गरि हत्या भएको हो ।

हत्यामा संलग्न उनकै आफ्नै भाई ६७ वर्षीय शेर बहादुर तामाङ र शेर बहादुरका छोरा ३६ वर्षीय बीर बहादुर तामाङ रहेका छन् । दिउसो अन्दाजी १२:३० बजे हत्या भएको जानकारी प्राप्त हुन साथ ईलाका प्रहरी कार्यालय खिजिफलाटेबाट प्रहरी टोली खटिएर गएपछि हत्यामा प्रयोग भएको खुकुरी र दाऊसहित दुवै जनालाई पक्राउ गरेको हो ।

उनिहरुले अंशबण्डाको बिषयमा विवाद हुदाँ धारिलो हतियार खुकुरी र दाऊले टाउकोमा प्रहार गर्दा मित्र बहादुर तामाङको घटनास्थलमानै मृत्यु भएको थियो ।थप अनुसन्धानको लागी जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट समेत प्रहरी टोली घटनास्थल पुगेको छ । उक्त स्थान जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट अन्दाजी ६० किमि पश्चिम उत्तरमा रहेको छ ।















सम्पादकीय

# तिजको सन्देश

बिहिबार देशभर नै नेपाली महिलाहरु तिजको अवसरमा ब्रत बस्ने, पुजापाठ गर्ने, मन्दिरमा भगवानको दर्शन गर्ने, साथीहरु एक अर्कालाई भेटघाट गर्ने, चेलीहरु माईतीमा आएर दरका नाममा मिठो खानेकुरा खाने काग गरे । नेपाली आमा दिदी बहिनीहरु संसारभर जहाँ-जहाँ रहेका छन् ति सबै ठाउँमा यसरी नै तिज मनाए ।

तिज यस्तो चाँड बन्यो कि यस चाडले सबैलाई एकिकृत बन्न, सहयोगी बन्न, खुशी साटासाट गर्न सिकायो । नेपाली महिला, नारीहरुलाई तिजले सकारात्मक बन्न, धर्म, परम्परालाई कायम गर्न पनि सिकायो । यस्तै तिजले दुख, पिडा, त्रासलाई पनि एक दिनको लागि खुलेर बिर्सन सिकायो । बिहिबारको तिजको दिन नेपाली महिला, आमा, दिदीबहिनी, नारीहरुको जुन आत्मबिश्वास, साहस, खुशी थियो यि सबैले महिला, नारीलाई अझ सशक्त, आत्मबिश्वासिलो, बलवान, पिडारहित, र संस्कारी बन्न सिकाएको छ । तिजले गर्दा महिलाहरुमा एउटा परम्परालाई संस्थागत बनाउन पनि सिकाएको छ । तिज जस्तै अन्य समाजमा रहेका राम्रा कामलाई यसरी नै एकिकृत भएर राम्रो गर्ने हो भने हाम्रो समाज अघि बढाउन कुनै लामो समय लाग्ने थिएन । तिजले दिन खोजेको सन्देश भनेको तिजमा सबै महिला, नारीहरुको मुहारमा खुशी प्रकट हुन्छ । कामकाजी महिला, नारीहरु पनि तिजको दिन पुरै फुर्सद भएर साथी, इष्टमित्र, आफन्त, परिवार, माईतीघरलाई समय दिएको पाईन्छ। तिजमा नेपाली नारीहरुलाई सबैलाई समानताको लागि भए पनि खर्च भने कटौटी गर्नु पर्ने देखिन्छ। अहिले जुन परिबेश, संस्कार देखिएको छ। तिजको लागि बेग्लै भिन्नै कपडा लगाउने, सुनको भारी लगाउने परम्परा बानीले समाजमा एउटा त्रासको बातावरण सिर्जना हुन्छ। जस्तो तिजमा महिलाहरुले लगाउने सुन र कपडाको कारण आर्थिक स्थिती कमजोर हुने आमा, दिदी, बहिनीहरुले त्यो सुन, कपडा किन्न नसक्ने पनि अबस्था हुन सक्छ । कम आयस्रोत भएका आमा दिदीबहिनीहरुले त्यस्तो अबस्थामा आफुलाई कमजोर भएको महशुस गर्न सक्दछन् । तिजको दिन लगाउने सुन भनेको नाच, गानले गर्दा भिडभाडमा हराउन पनि सक्छ। यस्तो अबस्थामा सुन, गर गहना लगाउनाले अर्को पिडा दिन सक्छ । सकेसम्म तिजमा महङ्गो सुन नलगाऔ । आर्थिक स्थिती सवल हुनेले सुन कपडा लगाउनेले आर्थिक स्थिती कमजोर भएका महिलाहरुलाई दबाब हुन सक्छ। उनीहरुले आफ्नो श्रीमान, परिबारलाई तनाब दिन सक्छ । त्यस समयमा ति परिबारका सदस्यहरुलाई तिज नआईदिए पनि हुने, यस्तो दबाब झेल्नु भन्दा नझेल्नु राम्रो भन्ने पनि हुन सक्छ। त्यसैले तिजलाई सबैले सकरात्मक, कम खर्चमा नै सम्पन्न गर्ने चलन बनाऔ ।

# नेकपा(एस)का कार्यकर्ता फर्काउन एमालेको समयसीमा

❖d'n'sL ;+jffbftf

माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजबादी)मा गएका नेता कार्यकर्तालाई फर्काउन नेकपा (एमाले)ले दुईदिन समय दिएको छ। नेकपा (एकीकृत समाजबादी)ले अध्यक्ष आफ्नो ठाउँमा राममणि पोखरेललाई अध्यक्ष बनाएर पुरानै समितिलाई चलायमान बनाएकै दिन एमालेले फर्कन चाहने नेता कार्यकर्ताका लागि दुईदिन समयसीमा तोकेको हो ।



एमाले अध्यक्ष तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद बिघटन गरेपछि माधव समूहले एमालेकै अध्यक्ष इश्वरमणि राउतको अध्यक्षतामै समानान्तर कमिटी बनाएको थियो । तर, पार्टी बिभाजनपछि अध्यक्ष इश्वरमणि राउत एमालेमै रहने भएपछि उनलाई कारबाही गर्दै पोखरेलको अध्यक्षतामा समानान्तर समितिलाई नेकपा (एस)को जिल्ला कमिटीमा परिणत गरेको कुरा बुधबार साँझ पत्रकार सम्मेलन गरी जानकारी दिएको थियो ।

यता एसले पत्रकार सम्मेलन गरेकै समयमा उता एमालेले पनि पार्टी कार्यालयमा पत्रका सम्मेलन गर्दै मुलघर फर्कन चाहने नेता कार्यकर्तालाई दुईदिनको समय दिने जानकारी गराएको हो । तेस्रो धारले १० बुँदे सहमति कार्यान्वयन गराउँने सहमतिका साथ पार्टी संरचनालाई ०७५ जेठ २ गतेको अवस्थामा फर्काउने भएपछि आफु संस्थापनपक्षमा बस्ने निर्णय गरेको भन्दै राउतलले घर फर्कन चाहनेहरुलाई दुईदिन समय दिइने बताए। एमालेले खासगरी नेकपा (एस) रोजेर निर्वाचन कार्यालयमा सनाखत गरेका २८ जनप्रतिनिधिलाई लक्षित गर्दै यो कदम चालेको हो ।

पत्रकार सम्मेलनमा एमाले केन्द्रीय सदस्य मञ्जुकुमारी चौधरीले घर फर्कन चाहने नेता कार्यकर्ताका लागि दुईदिन पर्खने र फर्केको खण्डमा पुरानै जिम्मेवारीमा राखिने र नफर्कनेहरुलाई जिम्वेवारीमुक्त गर्ने निर्णय भएको बताईन् । पदको लोभलालचमा परेर केही साथीहरुले पार्टी चोईट्याएको भन्दै केन्द्रीय सदस्य चौधरीले त्यस्ता जनप्रतिनिधि र नेता कार्यकर्ताहरुलाई आफ्नै घर फर्कन आव्हान गरिन् । अध्यक्ष चौधरीले 'हिजो सूर्य चिन्हबाट निर्वाचित भएका जनप्रतिनिधिहरु जनतासँग गरेको वाचा र प्रतिबद्धता पुरा गर्न पुरानै घर फर्कनुपर्ने भन्दै अहिले पनि घर फर्कदा केही नबिग्रेको बताए ।

लोभलालच, प्रलोभन र धाकधम्कीमा परेर गएको भए घर फर्कदा केही फरक नपर्ने भन्दै उनले पुरानो घर फर्कनकै लागि पार्टीले दुई दिनको समय दिएको र यसलाई सुनौलो अवसर ठानेर आउन आग्रह गरे। उनले १० बुँदे सहमति अक्षरश: कार्यान्वयन गर्न पार्टी नेतृत्व तयार रहेको हुनाले कम्युनिष्ट आन्दोलनबाट भाग्न नहुने बताए । एमाले २०७५ जेठ २ मा फर्कपछि १ सय ३ सदस्यीय जिल्ला कमिटी ३५ सदस्यीय सचिवालय र क्षेत्रीयत्र, नगर, गाउँपालिका, वडा कमिटी र जनवर्गीय संगठन तथा त्यसका इन्चार्ज, सहइन्चार्ज र पदाधिकारी पुरानै अवस्थामा पुनर्स्थापित हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

जिल्ला सचिव प्रमेश घिमिरेले एकताबद्ध एमाले बनाउन गाउँसम्म संगठन अभियान सञ्चालन गर्नुपर्ने भन्दै एसमा गएकाहरुलाई पुन घर फर्कन आग्रह गरे। माधव नेपाल समूहबाटै सचिब भएका घिमिरे ओलीको संसद बिघटनको कदमलाई प्रतिगामी भन्दै भएको आन्दोलनमा सहिक भई केहीदिनपछि ओली खेमामा गएर जिल्ला अध्यक्ष भएका थिए ।

पार्टी छाड्नेहरुलाई एकपटक अवसर दिन बैठकमा बोलाउने, नआए जिम्मेवारीमुक्त गरेर अघि बढ्ने जनाएको छ । बिभाजनपछि बसेको पहिलो बैठकले असोज मसान्तभित्र पार्टीको संगठित सदस्यता नविकरण र नयाँ सदस्यता वितरणको काम सुरु गर्ने निर्णय गरेको पनि जनाइएको छ । प्रदेश सांसदहरु बिमल कार्की र अम्बिका थापाले सीमित जनप्रतिनिधि मात्र एमालेबाट

*बाकी ३ पेजमा-*






# नेकपा...

चोईटिएर गएको भन्दै त्यसले पार्टीलाई केही फरक नपर्ने बताएका थिए । निर्वाचन आयोगबाटै कानुनी मान्यता पाएर एमाले र जसपाबाट अलग भएका एस र लोसपामा जान चाहने जनप्रतिनिधिलाई निर्वाचन आयोगले भदौ २२ गतेसम्म दल रोज्ने समय दिएको थियो । जस अनुसार उदयपुरका ८ स्थानीयतहमध्ये त्रियुगा नगरप्रमुख बलदेव चौधरी र उदयपुरगढी गाउँपालिका अध्यक्ष मानबहादुर केप्छाकी मगरले नेकपा (एस) रोजेका छन् । त्यस्तै, जिल्ला समन्वय समिति सदस्य चीनवीर दनुवार, ५ जना वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यगरी २८ जनाले एमाले त्यागेका छन् । एमालेलेकै भाषामा १३ दशमलव २ प्रतिशत जनप्रतिनिधिले नेकपा (एस) रोजेका छन् । २०७४ को स्थानीयतह चुनावमा कुल २ सय १० जना निर्वाचन र ८ जना मनोनित प्रतिनिधिमध्ये २८ ले नेकपा (एस) रोजेपछि अब एमालेमा १ सय ९० बाँकी छन् । ४ नगरपालिकामध्ये चौदण्डीगढीमा कांग्रेस र बाँकी ३ नगरप्रमुख तथा ४ गाउँपालिकामध्ये लिमचुङबुङमा नेकपा (माओबादी केन्द्र)बाहेक ३ मा अध्यक्ष एमालेकै पोल्टामा परेको थियो । दुई नगरमा उपप्रमुख र ३ गाउँपालिकामा उपाध्यक्षा तथा ७५ वडामध्ये ३१ वडाध्यक्ष एमालेले जितेको थियो । जिल्ला जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुखसहित सेटै एमालेबाट विजयी रहेकोमा एक सदस्य चीनवीर दनुवारले नेकपा (एस) रोजेका छन् ।

# उदयपुरको कटारी शिव मन्दिरको शिलान्यास

❖ बेद कुमारी राई

**उदयपुर, भदौ २५**

भदौ शुक्ल तृतिया अर्थात हरितालिका तिज व्रतको अवसरमा उदयपुरको कटारी नगरपालिका-६ मा शिव मन्दिरको शिलान्यास गरिएको छ । साझा धर्मसंस्कृति र पर्यटन क्षेत्रकोरुपमा विकास गर्ने गरी नगरपालिकाका उपप्रमुख भिमकुमारी राउतले बिहीबार मन्दिरको शिलान्यास गरेकी हुन् ।



जनतासँग उपमेयर कार्यक्रमअर्न्तगत नगरपालिकाको ५ लाख बजेटमा उपभोक्ता समितिमार्फत मन्दिर निर्माण सुरु गरिएको हो।मन्दिरको शिलान्यास गर्दै उपमेयर राउतले शिवभगवान हिन्दुधर्मालम्बिहरुको आश्थाको केन्द्र भए पनि सबैका लागि साझा धरोहर र त्यस क्षेत्रको पर्यटन पर्वद्धनमा टेवा पुग्ने गरी शिवमन्दिरको स्थापना गरिएको बताए । उनले स्थानीय सरकारको दायित्व सबै धर्मसंस्कृतिको समान विकास र संरक्षण गर्नु भएकाले सबै धर्मलाई संस्थागतरुपमा विकास गर्दैलैजाने नगर सरकारको योजना रहेको बताईन् । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुको उपस्थिति रहेको थियो।मन्दिरको शिलान्यससँगै स्थानीय महिलाहरुले तिज विशेष कार्यक्रमसमेत आयोजना गरेका थिए ।


















यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै बिभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।













प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट